सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LTD.
नेपाल राष्ट्र बैंक बाट 'ख' वर्ग को इजाजत प्राप्त संस्था "हाम्रो समुदाय हाम्रो बैंक"
(६ जिल्ला कार्य क्षेत्र भएको)

प.स. : २०७६/७७
च.नं. : ९८४

मिति : २०७६/१२/०९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई मार्ग, काठमाण्डौं

**बिषय : शेयर दाखिल खारेज बन्दको मिति सच्चाइएको सम्बन्धमा ।**

महाशय,

यस बैंकको मिति २०७६/१२/०८ गतेको सन्चालक समितिको बैठक नं.१५६बाट बैंकको बाह्रौं वार्षिक साधारणसभा मिति २०७६/१२/३० गते शनिबार तदनुसार अप्रिल महिनाको १२ तारिखका दिन विहान १०.३० बजेदेखि उद्योग संगठन मोरङ, विराटनगरमा गर्ने निर्णय भएको हुँदा सोको प्रयोजनार्थ मिति २०७६/१२/१७ गते देखि मिति २०७६/१२/३० गते सम्म शेयर दाखिल खारेज बन्द गर्न त्यस लिमिटेडमा मिति २०७६/१२/०८ गतेको च.नं.९७८को पत्रबाट पत्राचार गर्दा अन्यथा भएको हुँदा उपरोक्त बमोजिम शेयर दाखिल खारेजको मिति सच्चाईएको हुँदा सोही बमोजिम गरिदिनुहुन अनुरोध छ ।

**तपसिल**

| | | | |
|---|---|---|---|
| नगद लाभाशं प्रतिशत | - | - | - |
| बोनस शेयर प्रतिशत | ६.०० | छ | रू.४७,२२६,७०३.६८ |
| शेयर दाखिल खारेज मिति | मिति २०७६/१२/१७ गते देखि २०७६/१२/३० गते सम्म | | |
| हालको चुक्ता पूँजी | रू.७८७,१११,७२८.०० | | |
| बार्षिक साधारणसभाको मिति | मिति २०७६/१२/३० गते आईतबार | | |

**संलग्न**

१. बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचनाको प्रतिलिपी थान २

भवदीय,

नविन सुवेदी
प्रमुख कार्यकारी अधिकृत

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
"हाम्रो समुदाय हाम्रो बैंक"

रजिष्टर्ड कार्यालय, धनकुटा ७, धनकुटा
कर्पोरेट कार्यालय, मेनरोड, बिराटनगर, मोरङ
फोन : ०२१-५१८१३५, ५१८१३७ फयाक्स : ०२१-५१८१४०
Email : info@skdbl.com.np URL : www.skdbl.com.np

## बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/१२/०९)

यस डेभलपमेन्ट बैंकको सञ्चालक समितिको मिति २०७६/१२/०८ गतेको निर्णय बमोजिम बैंकको बाह्रौं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिकालागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थान**

| | | |
|---|---|---|
| मिति | : | २०७६ चैत्र ३० गते आईतबार |
| समय | : | विहान १०.३० बजे देखि |
| स्थान | : | उद्योग संगठन मोरङ, तिनपैनी, बिराटनगर |

२. **छलफलका विषयहरू**

**(क) साधारण प्रस्तावहरू :-**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा पेश गरिने आ.ब.२०७५/७६ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७५/७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण पारित गर्ने सम्बन्धमा ।

३. लेखापरीक्षण समिति तथा सञ्चालक समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७६/७७ कालागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक बि.आर.एस. न्यौपाने एण्ड कम्पनी पुन: नियुक्तिकालागि योग्य हुनुहुन्छ ।)

४. संस्थापक समूहबाट प्रतिनिधित्व हुने ३ जना सञ्चालकहरूको तथा सर्वसाधारण समूहबाट प्रतिनिधित्व हुने ३ जना सञ्चालकहरूको निर्वाचन सम्बन्धमा । (निर्वाचन कार्यक्रम निर्वाचन समितिबाट यस बैंकको कर्पोरेट कार्यालयको सूचना पाटीमा मिति २०७६/१२/२७मा प्रकाशन भए बमोजिम हुनेछ ।)

**(ख) विशेष प्रस्तावहरू :**

१. सञ्चालक समितिको सिफारिस बमोजिम चुक्ता पूँजी रू.७८७,१११,७२८.०० को ६.००% ले हुन आउने रू.४७,२२६,७०३.६८ (अक्षरेपी रू.चार करोड बहत्तर लाख छब्बिस हजार सात सय तीन र पैसा अठ्सठ्ठी मात्र) बराबरको बोनस शेयर लाभांश वितरण गर्ने सम्बन्धमा ।

२. प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभाको प्रयोजनकालागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य मिति २०७६/१२/१७ गते देखि मिति २०७६/१२/३० गते सम्म बन्द रहने छ । सो मिति भन्दा अघि मिति २०७६/१२/१६ गते सम्म नेपाल स्टक

एक्सचेञ्च लिमिटेडमा शेयर कारोवार भई मिति २०७६/१२/२४ गते भित्र यस बैंकको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेडबाट शेयर नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा दर्ता कायम शेयरधनीहरूले सो सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सकिनेछ ।

२. सभामा भाग लिन आउने शेयरधनीले सभा कक्षमा प्रवेश गर्नकालागी प्रवेश पत्र वा नागरिकता वा शेयर प्रमाणपत्र साथै लिई आउन अनुरोध गरिएको छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा आधिकारीक पत्र अनिवार्य गरिएको छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा १ घण्टा अगाडी उपस्थित भै त्यहाँ रहेको उपस्थिती पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ ।

४. वार्षिक साधारण सभा भएको सूचना तथा संक्षिप्त वार्षिक आर्थिक विवरणहरू सम्बन्धित शेयरधनी महानुभावहरूको ठेगांनामा पठाइएको छ सो सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितीकालागि अनुरोध गर्दछौं ।

५. सभामा भाग लिन र मतदान गर्नकालागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले प्रतिनिधि पत्र सभा हुनु भन्दा ४८ घण्टा अगाबै बैंकको कर्पोरेट कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त भएको व्यक्ति यस बैंकको शेयरधनी हुनु पर्नेछ । प्रतिनिधि नियुक्त गरिसक्नु भएका शेयरधनी आफैंले सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गर्नु भएमा अगाडी दिईसकेको प्रतिनिधित्व स्वत: बदर हुनेछ ।

६. नावालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रूपमा लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

७. कुनै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट बिभाजन गरी वा नगरी प्रतिनिधि नियुक्त गरेको भएमा कस्कस्को बदर गरिएको हो सो को जानकारी दिनु पर्नेछ अन्यथा सबै प्रतिनिधि बदर हुनेछन् ।

८. बिबिध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषयबारे सभा हुनु भन्दा ३ दिन अगावै लिखित रूपमा बैंकलाई जानकारी दिनु पर्नेछ । यस्तो विषयमा यस बैंकसँग सम्बन्धित र औचित्य हेरेर आवश्यक भएमा मात्र छलफलकालागि समावेश गरिनेछ ।

९. संस्थापक समूहका शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरू तथा सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम साधारण सभा हुने दिन भन्दा ३ दिन अगाडी निर्वाचन समितिले बैंकको कर्पोरेट कार्यालय बिराटनगरमा प्रकाशन गर्नेछ ।

१०. कम्पनी ऐन बमोजिमको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन शेयरधनीले निरिक्षण वा प्राप्त गर्न चाहेमा बैंकको कर्पोरेट कार्यालयबाट उपलब्ध गराउन सकिने छ ।

११. साधारण सभा सम्बन्धी अन्य जानकारी तथा वार्षिक प्रतिवेदन सम्बन्धी विवरणहरू बैंकको वेभसाइट www.skdbl.com.np वा बैंकको कर्पोरेट कार्यालयबाट कार्यालय समय भित्र प्राप्त गर्नसक्नु हुनेछ ।

१२. सभा सम्बन्धी अन्य कार्यवाही कम्पनी ऐन वा अन्य प्रचलित कानून, नीति, नियम तथा निर्देशन बमोजिम हुनेछ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव